# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, वैशाख १४ गते २०४३ साल (अतिरिक्ताङ्क ४

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले जांचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको आयोग गठन गरी सो आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकिदिएको छ:–

१. आयोगको गठन विधिः–

(क) श्री गोविन्दबहादुर श्रेष्ठ, अतिरिक्त न्यायाधीश मध्यमान्चल क्षेत्रीय अदालत – अध्यक्ष

(ख) श्री मोहनदेव पन्त, सह-सचिव, अर्थ मन्त्रालय – सदस्य

(ग) श्री केदारनिधि तिवारी, सह-सचिव, गृह मन्त्रालय – सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकारः– आयोगको काम, कर्तव्य र अधिकार देहाय-बमोजिम हुनेछ:–

(क) २०४२ साल चैत्र २८ गते त्रिभुवन विमानस्थलमा वेवारिसी रूपमा फेला परेको विदेशी मुद्रा राजस्व अनुसन्धान महाशाखामा राखिएकोमा भन्सार कार्यालयमा गरिएको मुचुल्काभन्दा फरक परेको बारे छानबिन गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) राजस्व अनुसन्धान महाशाखामा राखिएको विदेशी मुद्राको ट्राभलर्स चेक मध्ये L/S ( Lost and Stolen ) भन्ने छाप लागेको ट्राभलर्स चेक कसरी प्राप्त भयो सो बारेमा छानबिन गर्ने ।

(ग) त्रिभुवन विमानस्थलमा विदेशी मुद्रा भएको सुटकेश कसरी बेवारिसी रूपमा फेला पऱ्यो सो बारेमा त्यसको छानबिन गर्ने ।

(घ) भविष्यमा यस्तो घटना दोहोरिन नदिन आवश्यक कार्यविधि सिफारिश गर्ने ।

(ङ) प्रकरण (क), (ख), (ग) र (घ) सम्बन्धमा श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्ने ।

(च) माथिका प्रकरणहरूबमोजिम काम गर्नको लागि आयोगले उक्त ऐनका अधिकारहरू प्रयोग गर्ने ।

३. आयोगको कार्यावधिः– आयोगको कार्यावधि आयोग गठन भएको मितिले एक महिनाको हुनेछ ।

आज्ञाले,
हिर्तसिंह श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६